आ.व. २०७५/०७६ को एघारौं बैठक

आज मिति **२०७५ साल पौष ०२ गते सोमवार विहान ९ : ०० बजे** राप्ती गाउँ कार्यपालिकाका अध्यक्ष **श्री नुमानन्द सुवेदीज्यू**को अध्यक्षता र तपसिल बमोजिमका सदस्यज्यूहरुको उपस्थितिमा गाउँ कार्यपालिकाको बैठक वस्यो । बैठकको उपस्थिति प्रस्ताव एवं निर्णयहरु तपसिल बमोजिम रहेका छन ।

उपस्थिति

अध्यक्ष श्री नुमानन्द सुवेदी, राप्ती गाउँकार्यपालिका ।

उपाध्यक्ष श्री जगदम्वाकुमारी चौधरी ,राप्ती गाउँ कार्यपालिका ।

सदस्य श्री टेकबहादुर कुमाल,राप्ती गाउँ कार्यपालिका ।

सदस्य श्री बेदप्रसाद चौधरी, राप्ती गाउँ कार्यपालिका ।

सदस्य श्री बिष्णुबहादुर घर्ति क्षेत्री, राप्ती गाउँ कार्यपालिका ।

सदस्य श्री कुवारी देवी कार्की, राप्ती गाउँ कार्यपालिका ।

सदस्य श्री जगतबहादुर थापा, राप्ती गाउँकार्यपालिका ।

सदस्य श्री विष्णु गुरुङ्ग, राप्ती गाउँकार्यपालिका ।

सदस्य श्री ताराबहादुर डि.सी, राप्ती गाउँकार्यपालिका ।

सदस्य श्री गोकर्णबहादुर रानामगर, राप्ती गाउँकार्यपालिका ।

सदस्य श्री गोवर्धन रावत, राप्ती गाउँकार्यपालिका ।

सदस्य श्री विद्याशरण चौधरी, राप्ती गाउँकार्यपालिका ।

सदस्य श्री सुनितामल्ल, राप्ती गाउँकार्यपालिका ।

सदस्य श्री ताराकुमारी चौधरी, राप्ती गाउँकार्यपालिका ।

सदस्य श्री चन्दर चौधरी, राप्ती गाउँकार्यपालिका ।

सदस्य श्री रिमबहादुर सुनारी मगर, राप्ती गाउँकार्यपालिका ।

सदस्य श्री संजिव परियार, राप्तीगाउँ कार्यपालिका ।

सदस्य-सचिव श्री जगतप्रसाद भुसाल, राप्ती गाउँ कार्यपालिका ।

**आमन्त्रित**

१. श्री गिरीधारी प्रसाद पन्त, ना.सु.

२. श्री रेशमराज अधिकारी स.ले.पा.

## प्रस्तावहरु :

१. नदीजन्य पदार्थ (ढुंगा, गिट्टी, बालुवा) को उत्खनन् सम्वन्धमा ।

२. वडा कार्यालयबाट गरीने योजना अनुगमन सम्वन्धमा ।

३. निर्वाचन क्षेत्र विकास साझेदारी कार्यक्रम अन्तर्गतका योजनाहरुको निर्माण उ.स.गठन सम्वन्धमा ।

४. विद्यालय तथा स्वास्थ्य संस्थाहरुको योजनामा मर्मत सम्भार कोषको रकम उठाउन नपर्ने सम्वन्धमा ।

**निर्णय नं. १**

प्रस्ताव नं. १ माथी छलफल गर्दा यस राप्ती गाउँपालिका क्षेत्राधिकार भित्र पर्ने राप्ती नदीको भानपुर बगर र बगरापुर बगर क्षेत्रहरुबाट मिति २०७५ मंशीर १९ गते देखि खोलिएको नदीजन्य पदार्थ (ढुंगा, गिट्टी, बालुवा) को आन्तरिक बिक्री मिति २०७५ पुष ३ गते देखि बन्द गर्ने निर्णय गरियो ।

**निर्णय नं. २**

प्रस्ताव नं. २ माथी छलफल गर्दा राप्ती गाउँपालिकाको स्वीकृत वार्षिक कार्यक्रम अनुसार चालु आ.व.०७५/०७६ मा सञ्चालन गरिएका योजनाहरुको वडाबाट गरिने योजना अनुगमणको कार्य प्रभावकारी नभएको भनी गुनासाहरु प्राप्त हुन आएको सन्दर्भमा गाउँ कार्यपालिकाको ध्यानाकर्षण भएकोले अनुगमन कार्यलाई थप प्रभावकारी बनाउन सबै वडाहरुलाई निर्देशन दिने र प्रत्येक दिन योजना अनुगमनमा जाँदा कार्यालयको काम प्रभावित हुने भएकाले हप्ताको प्रत्येक सोमवारमात्र गाउँपालिका स्तरीय योजना अनुगमन समितिलाई अनुगमन कार्य गर्नका लागि सुझाव दिने निर्णय गरियो ।

**निर्णय नं. ३**

प्रस्ताव नं. ३ माथी छलफल गर्दा निर्वाचन क्षेत्र पूर्वाधार विकास साझेदारी कार्यक्रम (सञ्चालन कार्यविधि) २०७५ को नियम १५ बमोजिम तथा नियमावलिको नियम ५ बमोजिम छनौट भएका देहायका योजनाहरुको निर्माण उपभोक्ता समिति ३ दिन भित्र गठन गरी पठाउनको लागि सम्वन्धित वडाहरुलाई लेखि पठाउने निर्णय गरियो ।

**योजनाहरुको विवरण :-**

| क्र.सं. | योजनाको नाम | वडा नं. | विनियोजित बजेट | कैफियत |
|---|---|---|---|---|
| १ | इन्द्रैणी युवा क्लव भालुवाङ भौतिक निर्माण | राप्ती गा.पा.-१ | १९,९१,०००।- | |
| २ | ऐरावती आदर्श बहुमुखी क्याम्पस भौतिक निर्माण | राप्ती गा.पा.-२ | २४,८८,७५०।- | |
| ३ | जय गुरुदेव सत्संघ भवन भौतिक निर्माण | राप्ती गा.पा.-७ | २४,८८,७५०।- | |

**निर्णय नं. ४**

प्रस्ताव नं. ४ माथी छलफल गर्दा चालु आ.व.०७५/०७६ को लागि राप्ती गाउँपालिकाबाट स्वीकृत वार्षिक कार्यक्रम अन्तर्गत सञ्चालन गरिने भौतिक पूर्वाधार निर्माण सम्वन्धी योजनाहरुको कुल लागतको ५% रकम सम्वन्धित उपभोक्ताहरुले मर्मत सम्भार कोषमा जम्मा गरेमा मात्र योजनाको अन्तिम प्राविधिक मूलयाङ्कन अनुसारको रकम भुक्तानी दिने अन्यथा ७ % रकम कट्टा गरेर मात्र भुक्तानी दिने गरी यस अघि निर्णय भएकोमा उक्त नियम विद्यालय तथा स्वास्थ्य संस्थाहरुको भौतिक पूर्वाधार निर्माण सम्वन्धी काममा लागु नहुने निर्णय गरियो ।